Volume 2

Annex 2.11e: MU Autonomy Bylaws Revised 2077

## परिच्छेद-३
## स्वायत्तता प्राप्त क्याम्पस वा निकाय सञ्चालक परिषद्‌को गठन, बैठक सम्बन्धी व्यवस्था तथा काम, कर्तव्य र अधिकार

**६. सञ्चालक परिषद्‌को गठन**

(१) स्वायत्तता प्राप्त क्याम्पस वा निकायको सर्वोच्च अङ्गको रूपमा एक सञ्चालक परिषद् रहनेछ ।

(२) स्वायत्तता प्राप्त क्याम्पस वा निकायको सञ्चालक परिषद्‌को गठन देहाय बमोजिम हुनेछः

(क) वरिष्ठ प्राध्यापक वा प्रतिष्ठित रोजगारदाता वा समाजसेवीमध्येबाट विश्वविद्यालय कार्यकारी परिषद्‌ले मनोनित गरेको व्यक्ति - अध्यक्ष

(ख) स्वायत्तता प्राप्त क्याम्पस वा निकायको डीन, निर्देशक वा प्रमुख - सदस्य

(ग) बुद्धिजीवी तथा शिक्षाविदमध्येबाट तीनजना - सदस्य

(घ) क्याम्पस वा निकायको विभागीय प्रमुख, प्राध्यापक वा सह-प्राध्यापकमध्येबाट तीनजना - सदस्य

(ङ) विश्वविद्यालय सभाका सदस्य रहेका नगरपालिकाका मेयर एकजना - सदस्य

(च) उद्योगपति, व्यापारी, रोजगारदाता, चन्दादाता, छात्रवृत्ति संस्थापक र समाजसेवीमध्येबाट तीनजना - सदस्य

(छ) सम्बन्धित विषयका विशिष्ट विद्वान एकजना - सदस्य

(ज) एल्मुनाईहरू मध्येबाट एकजना महिला र एकजना पुरुष गरी दुईजना - सदस्य